आज मिति २०७९ साल आषाढ ७ गते सोमबारका दिन यस रत्ननगर नगर कार्यपालिकाको प्रथम बैठक नगर प्रमुख श्री प्रलाद सापकोटाज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रलाद सापकोटा | |
| २ | नगर उपप्रमुख | श्री यादव प्रसाद पाठक | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री कुल प्रसाद सापकोटा | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री राजेन्द्र प्रसाद घिमिरे | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री सोहेन्द्र राज खरेल | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री राम कुमार चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री बालकृष्ण चापागाई | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री किरण महतो | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री सजना महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण चौधरी | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री अनन्त अधिकारी | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री कलाधर पौडेल | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री श्याम कुमार श्रेष्ठ | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री सुन्दरमणी सुवेदी | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री पोट बहादुर घिमिरे | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री होमनाथ रानाभाट | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री आसिक तमाङ्ग | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री बबिता चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री यशोदा अधिकारी पौडेल | |
| २१ | कार्यपालिका सदस्य | श्री चन्द्रकला पनेरु | |
| २२ | कार्यपालिका सदस्य | श्री सुकमाया वि.क. | |
| २३ | कार्यपालिका सदस्य | श्री सानु भण्डारी बस्नेत | |
| २४ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २५ | कार्यपालिका सदस्य | श्री देवेन्द्र भुजेल | |
| २६ | कार्यपालिका सदस्य | श्री राम बहादुर रिमाल | |
| २७ | सचिव (प्र.प्र.अ.) | श्री शिशिर पौडेल | |

अन्य उपस्थिती :

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

" श्री उर्मिला तमाङ्ग दाहाल

सहायक पाँचौं श्री रमामाया रेग्मी

**निर्णय नं. १:**
मिति २०७९।०२।२३ गतेको कार्यपालिका बैठकको निर्णयका सम्बन्धमा समिक्षा गरि स्वीकृत गरियो ।
**निर्णय नं. २:**
यस नगरपालिकाको ११ औं नगरसभा संचालनको लागि तयार गरिएको तपसिल वमोजिम कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

**नगर सभाको कार्यसूची (२०७९/०३/१० गते)**

१. नगर प्रमुख ज्यूको सभामा प्रवेशसँगै राष्ट्रिय गीत र सबैले उठेर स्वागत
२. नगर प्रमुख ज्यूको सभामा आसन ग्रहणसँगै बैठक नगर सभाको प्रारम्भ भएको घोषणा
३. नगर उप - प्रमुख ज्यू र सम्पूर्ण सभाका सदस्यको आसन ग्रहण
४. सम्पूर्ण सभा सदस्य उठेर ज्ञात अज्ञात शहीद प्रति मौन धारणा
५. सभाध्यक्षबाट कार्यसूची प्रस्तुत गर्न सचिवलाई समय प्रदान र कार्यसूची प्रस्तुती
६. रत्ननगरको विकास गतिविधिको वृत्तचित प्रस्तुती
७. नगर प्रमुख श्री प्रलाद सापकोटा ज्यूबाट आगामी आ.व.को नीति तथा कार्यक्रम प्रस्तुती
८. नगर उप-प्रमुख श्री यादव प्रसाद पाठक ज्यूबाट आगामी आ.व. २०७९।०८० को बजेट मन्तव्य प्रस्तुती
९. सभाध्यक्ष नगरप्रमुखज्यूबाट स्थगन गरी आगामी बैठकको मिति घोषणा ।

**निर्णय नं. ३:**
वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आ. व. २०७८।०७९ को लागि पेश भएवमोजिम नीति, कार्यक्रम तथा वजेटका सम्बन्धमा छलफल गरियो । अध्ययन एवं आवश्यक संसोधन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।
**निर्णय नं. ४:**
रत्ननगर नगरपालिकाभित्र रहेका जग्गाहरुको वर्गीकरण गर्न निम्न वमोजिम **जग्गा वर्गीकरण सिफारिस समिति गठन** गर्ने निर्णय गरियो ।
तपसिल:
संयोजक कार्यपालिका सदस्य श्री देवेन्द्र भुजेल
सदस्य कार्यपालिका सदस्य श्री बबिता चौधरी
सदस्य ईन्जिनियर श्री मोहन प्रसाद तिमिल्सीना
सदस्य अमिन श्री कृष्ण बहादुर मगर
सदस्य सचिव ईन्जिनियर श्री प्रकाश चन्द्र ढुंगाना
**निर्णय नं. ५:**
संघीय सरकारबाट विद्यालयको छात्राहरुको लागि सेनेटरी प्याड वितरण गर्न विनियोजित रकम रु. ३३,००,०००।- मध्ये निम्न शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।
तपसिल:
१. श्रीराम वैदिक गुरुकुलम (धार्मिक विद्यालय) लाई रु. १०,००,०००।-
२. श्री हरिहर गायत्री वेदवेदाङ्ग संस्कृत पाठशाला रु. १०,००,०००।-
३. सामुदायिक विद्यालयका नर्सरीदेखि कक्षा १ सम्मका विद्यार्थी अनुकुल फर्निचर व्यवस्थापन रु. १३,००,०००।-
**निर्णय नं. ६:**
कवाडी कर संकलनका लागि रकम रु. १० लाख न्यूनतम मुल्य कायम गरी ठेक्कामा लगाउने निर्णय गरियो ।